# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०३।१३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला सुनसरी साविक चाँदवेला हाल इनरूवा वडा नं. ७ स्थित ज्याउल हल आधारभूत विद्यालय (मदर्शा) का विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष इसुन मियाँले जिल्ला शिक्षा कार्यालयबाट प्राप्त अनुदान रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इसुन मियाँ र प्रधानाध्यापक कुरचलाल चौधरीले लापरवाही र बदनियत गरी शिक्षा कार्यालयबाट विभिन्न आर्थिक वर्षहरूमा विद्यालयको शौचालय निर्माण तथा छात्रवृत्तिको लागि प्राप्त अनुदान रकममध्ये जम्मा रू.४,६०,४००।—(चार लाख साठी हजार चार सय) हिनामिना हानिनोक्सानी र दुरूपयोग गरेको पुष्टि हुन आई निज इसुन मियाँ र कुरचलाल चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिंदा निजहरूलाई विगो रू.४,६०,४००।—(चार लाख साठी हजार चार सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन र हिनामिना हानिनोक्सानी गरेको विगो रू.४,६०,४००।—(चार लाख साठी हजार चार सय) निज प्रतिवादीहरूबाट सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन साथै निज अध्यक्ष इसुन मियाँले लेखापरीक्षण नगराई आफ्नो कार्यकालको विद्यालयको स्रेस्ता नष्ट गरेको देखिन आई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुर गरेको देखिंदा निज इसुन मियाँलाई सोही ऐनको दफा १२ बमोजिम सजाय हुन समेतको मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता